# 多言語情報コーナー　　　　　　　　　　　　（令和６年　５月号）

## १.　सम्पत्ति कर, नगर योजना कर, अटोमोबाइल कर, र हल्का सवारी साधन करको लागि कर भुक्तानी सूचना पठाउने सम्बन्धमा

जनवरी १ तारिख सम्म शहरमा जग्गा, घर आदि भएका व्यक्तिहरूले सम्पत्ति कर र शहर योजना कर तिर्नु पर्दछ। कर तिर्ने सूचना मे महिनाको १ तारीख़मा पठाईन्छ। करको पुरै किस्ता र पहिलो किस्ता तिर्ने म्याद मे महिनाको ३१ तारीख़ सम्म हो।

साथै अप्रिल १ तारीख़ सम्म ६६० सीसी भन्दा माथिका गाड़ीहरु भएका व्यक्तिहरूले अटोमोबाइल कर तिर्नेछन्। मोटरसाइकल वा हलुका सवारी साधन भएका व्यक्तिले हल्का सवारी कर तिर्छन्। अटोमोबाइल कर भुक्तानी सूचनाहरू मे महिनाको १ तारीख़मा पठाइनेछ, र हल्का सवारी कर भुक्तानी सूचनाहरू मे महिनाको २ तारीख़ मा पठाइनेछ। यस्ता कर तिर्ने अन्तिम म्याद मे महिनाको ३१ तारीख़ हो।

कर तिर्ने सूचना प्राप्त गरेपछि, उक्त खाम भित्रको भुक्तानी पर्ची लिएर कन्भिनीयंस स्टोर, बैंक, वा हुलाक कार्यालयमा गई भुक्तानी गर्नुहोस्। यदि तपाइँ तिर्न असमर्थ हुनुहुन्छ भने, कृपया सम्पत्ति कर र हल्का सवारी करको सम्बन्धमा शियाकुस्योको जेइमु-का सँग परामर्श गर्नुहोस्। अटोमोबाइल कर तोचिगी प्रिफेक्चरमा तिर्ने कर हो। त्यसको लागि कृपया कान्दा-च्योउको शिमोचुगा च्योउसा (सरकारी भवन) को पहिलो तल्लामा रहेको प्रिफेक्चरल कर कार्यालयमा परामर्श लिनुहोस्।

जापानमा तपाईंको बसाइको (जाईर्युउ कार्डको) अवधि नवीकरण गर्ने अनुमति पाउने वा नपाउने बारे निर्णय गर्न, तपाईंले आफ्नो कर दायित्वहरू ठीकसँग पूरा गर्नुभएको कुरामा भर पर्दछ। यदि तपाइँ बक्यौतामा हुनुहुन्छ भने, तपाइँलाई नवीकरण अनुमति प्रदान गरिने छैन, त्यसैले निर्धारित मिति भित्र भुक्तान गर्न निश्चित हुनुहोस्।

**२. प्रतिव्यक्तिको आधारमा मात्र आवास कर लाग्ने घरपरिवारहरूका लागि अस्थायी आवासीय सहायता लाभ र न्यून आय भएका बाल-पालन परिवारलाई सहायता गर्ने बाल अतिरिक्त अस्थायी लाभ बारे जानकारी !**

उर्जा र खाद्यान्नको मूल्यवृद्धिले परेको बोझलाई कम गर्न, सरकारले सन् २०२३ सालमा न्यून आय भएका घरपरिवारहरुलाई सहायताको रूपमा, आवास कर प्रतिव्यक्तिलाई मात्र लाग्ने घरपरिवारका प्रमुखलाई १ लाख येन प्रदान गरिनेछ।
उक्त लाभ पाउन योग्य व्यक्तिहरूलाई, भुक्तानी आवश्यकता पुष्टि पत्र अप्रिल महिनाको शुरू तिर पठाईसकिएको छ। त्यसमा संलग्न फ़िर्ती खाममा आवश्यक कागजातहरु राखेर, यहि जून महिनाको २८ तारीख़ सम्ममा फिर्ता पठाउनु होला।
यसका अतिरिक्त, त्यहि अनुरूप आवास कर प्रतिव्यक्ति मात्र लाग्ने परिवारलाई लाभको लागि योग्य परिवारहरू मध्ये, सन् २००५ अप्रिल २ र सन् २०२४ अगस्त ३१ तारीख़को बिचमा जन्मेका १८ वर्ष मुनिका बच्चाहरू भएका परिवारहरूको प्रमुखलाई, प्रति व्यक्ति ५०,००० येनको लाभरकम प्रदान गरिनेछ।
मार्च महिनको अन्त्यसम्म पुष्टि भई योग्य भएकाहरूका लागि, भुक्तानी आवश्यकताहरूको पुष्टि पत्र अप्रिल महिनाको शुरु तिर पुग्नेगरी  पठाइएकोछ। कृपया संलग्न फ़िर्ती खाममा आवश्यक कागजातहरू राखेर सेप्टेम्बर १७ तारीख़ सम्ममा फिर्ता पठाउनु होला।
सोधपुछको लागि, कृपया तोचिगी-शि रिन्जी क्युउफुकिन् कल सेण्टरमा सम्पर्क गर्नुहोस्। फोन नम्बर 0282-21-2416 हो।

## ३. माईनम्बर कार्डको लागि आईतबारे काउण्टर खुल्नेबारे जानकारी !

काम वा विद्यालयको कारणले हप्ताका दिनहरूमा प्रक्रियाहरू पूरा गर्न शियाकुस्यो सम्म आउन असक्षम भएका व्यक्तिहरूका लागि, महिनामा एक पटक, पूर्णतया अग्रिम आरक्षणद्वारा, माईनम्बर कार्ड संग सम्बन्धित प्रक्रियाहरुको लागि मात्र आइतबारे काउण्टर खोलिनेछ ।

यदि तपाइँ यो सेवा प्रयोग गर्न चाहनुहुन्छ भने, कृपया फोन मार्फत आवेदन दिनुहोस् । प्रयोगको इच्छित मिति भन्दा दुई महिना अघिको पहिलो दिनबाट आवेदन दिन सकिन्छ । उदाहरण को लागी, अगस्त महिनाको आइतबारे काउण्टरको लागी आवेदन जून महिनाको १ तारीख़ देखि आरक्षण गर्न सकिन्छ ।

खुल्ने दिन र समय, हरेक महिनाको दोस्रो आइतबार बिहान 8:30 बजे देखि 12:00 बजे सम्म हो ।

स्थान, शियाकुस्यो मुख्य भवनको दोस्रो तल्लामा रहेको सिमिन् सेइकाचु-का हो, र ओहिरा, फुजियोका, चुगा, निशिकाता र इवाफुने क्षेत्रमा बसोबास गर्नेहरूका लागि त्यस क्षेत्रको सोउगोउ शिस्यो चिइकिजुकुरी सुईसिन्-का हो । उदाहरणका लागि, यदि तपाईंको ठेगाना तोचिगी क्षेत्रमा छ भने, शियाकुस्यो मुख्य भवनको दोस्रो तल्लामा रहेको सिमिन् सेइकाचु-का प्रयोग गर्नुहोस्, र यदि तपाईं ओहिरा क्षेत्रमा हुनुहुन्छ भने, ओहिरा सोउगोउ शिस्यो चिइकिजुकुरी सुईसिन्-का प्रयोग गर्नुहोस् ।

उक्त दिन प्रदान गरिने सेवाहरुमा, माई नम्बर कार्डहरू प्राप्त गर्ने, पिन रिसेट गर्ने, इलेक्ट्रोनिक प्रमाणपत्र जारी गर्ने र नवीकरण गर्ने, स्थानांतरणको बखत प्रयोग जारी राख्ने, नाम परिवर्तन वा स्थानांतरण हुँदाखेरी कार्डको विवरण अद्यावधिक गर्ने, र जापान बस्ने अवधिमा परिवर्तन भएका कारण वैधता अवधि परिवर्तन गर्ने कार्यहरू समावेश छन् ।

यो दिनमा माईनम्बर कार्डको लागि आवेदनहरू स्वीकार गरिँदैन ।

क्षमता पुगेपछि काउण्टर बन्द हुनेछ ।

## ४.　बालबालिका भोजन कक्ष बारे जानकारी !

के तपाईंहरूलाई बालबालिका भोजन कक्ष बारे जानकारी छ ?
बालबालिकाको भोजन कक्ष भनेको, स्थानीय बच्चाहरूले मनको शान्तिका साथ आफ्नो समय बिताउन एउटा यस्तो ठाऊँ हो जसले खाना, खेल, सिक्न सहयोग, इत्यादि प्रदान गर्ने सामुदायिक स्थल हो। यो स्थानीय बासिन्दा, **NPO** निगमहरू, समाज कल्याण निगमहरू, आदि द्वारा संचालित छ।
तोचिगी क्षेत्रमा, एउटा "टोचिक्कोकोकागे" नामक बच्चाहरुको लागि भोजन कक्ष छ। यो हरेक महिनाको तेस्रो शनिबार, इरिफुनेच्योउको किरारानो मोरी तोचिगी कुरानो माचि गाकुस्युउकानमा, बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म संचालन गरिन्छ।
ओहिरा क्षेत्रमा "कोदोमो क्याफे मिन्ना नो की" भनिने बालबालिकाको भोजन कक्ष छ। त्यहाँ प्रत्येक महिनाको पहिलो शनिबार बेलुकी ४:०० देखि ७:०० बजेसम्म ओहिरा-माचि तोमिता स्थित ओहिरा निशी चिकु कोउमिन्कान् (सामुदायिक केन्द्र) मा संचालन हुने गरेको छ।
थप रूपमा, शहरको चुगा, इवाफुने र फ़ुजिओका क्षेत्रहरूमा बालबालिकाको भोजन कक्षहरू छन्।
प्रत्येक सेवा, बच्चाहरु र उनीहरुका अभिभावकहरु द्वारा प्रयोग गर्न सकिन्छ, र लागत लगभग 100 येन बच्चाहरु को लागि र 300 येन वयस्कहरु को लागि छ।
बालबालिकाको भोजन कक्ष सबैको लागि खुला छ। विदेशी बासिन्दाहरूलाई पनि धेरै स्वागत छ, त्यसैले यदि तपाईं बस्ने स्थान नजिकै बालबालिकाको भोजन कक्ष छ भने, प्रयोग गरि हेर्नु होस् !